मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र
## सिरहा

मो.नं. ९८५२८८०५००
akcsiraha@gmail.com
www.akcsiraha.p2.gov.np

प.सं.:२०७८/०७९
च.नं. :-

मिति: २०७८/११/१३

---

### आ.व.२०७८/०७९को साना सिंचाई कुलो-पैनी/बाँध/फाटक निर्माण वा मर्मत सुधारको आबेदन फारम आवह्यन सम्बन्धि सूचना ।

सूचना प्रकाशित मितिः २०७८/११/१३ गते

यस कार्यालयको चालु आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सार्वजानिक कुलो-पैनी/बाँध/फाटक जस्ता साना सिंचाई पूर्वाधारमा स-साना निर्माण वा मर्मत सुधारबाट सिंचाई व्यवस्थापन गरी कृषि प्रणालीमा सिंचाई सुविधा व्यवस्थित गर्न साना सिंचाई कुलो-पैनी/बाँध/फाटक निर्माण वा मर्मत सुधारको कार्यक्रम रहेकोले कृषक/अनुदानग्राही (औपचारिक वा अनौपचारिक सिंचाई उपभोक्ता/कृषक समूह/ कृषि सहकारी संस्था/कृषि उत्पादनमा संलग्न निजि फर्म/उधमीले) यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७८/१२/१२ गते सम्म) कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल अनुसारका शुल्क तथा बढीमा रु.पाचँ लाख सम्मको लागत अनुमान सहित तपसिलका अन्य कागजातहरु संलग्न राखी आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>संलग्न गर्नु पर्ने कागजातहरु:</u>

१. निर्दिष्ट ढाँचाको आबेदन साथ राजश्व वापत रु.२००।( दुई सय) मात्रको नगदी रसिद ।
२. आबेदकको नागरिक्ता तथा आयोजना संग जोडिएको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी ।
३. साना संचाई कुलो-पैनी निर्माण/मर्मत सुधार आयोजना संचालन हुने स्थान देखिने फूल साईजको ब्लु प्रिन्ट वा कम्प्यूटर प्रिन्ट नक्शा ।
४. आबेदक (कृषक समूह/ कृषि सहकारी संस्था वा फर्म कम्पनीको हकमा ) दर्ता र नविकरण भएको प्रमाण पत्र तथा स्थाई लेखा नं. लिएको प्रमाण पत्रको प्रतिलिपी ।
५. अनौपचारिक उपभोक्ता भए माग भएको आयोजनाले प्रत्यक्ष छोएका जग्गाधनीहरुको छलफल तथा निर्णयको माईनुट वा जग्गाधनि कृषक/परिवारहरुको नागरिक्ता तथा जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी, सक्कल मन्जुरीनमा समेत ।
६. कुलो-पैनी/बाँध/फाटक निर्माण वा मर्मत सुधारको हकमा कृषकको सामुहिक/संस्थागतबाट माग निबेदन मात्र दिन सकिने छ । ब्यक्तिगत निबेदन स्वीकार्य हुने छैन ।
७. कुलो-पैनी/बाँध/फाटक निर्माण वा मर्मत सुधारको प्रस्तावित कार्यको लम्वाई, चौडाई र सिमाना तथा आवश्यकता औचित्य लगायत अन्य निकायबाट अनुदान सहयोग प्रास भए/नभएको व्यहोरा समेत खुल्ने गरी वडा कार्यालयको सिफारिश पत्र ।

पुनश्चः आबेदनको ढाँचा यस कार्यालयबाट प्रास गर्न सकिनेछ ।

नरेन्द्र कुमार महासेठ
प्रमुख
नवौं तह

नरेन्द्र कुमार महासेठ
प्रमुख
नवौं तह

## कृषि ज्ञान केन्द्र, सिरहा

## आ.व.२०७८/०७९ को साना संचाई कुलो-पैनी/वाँध/फाटक निर्माण तथा मर्मत सुधार सम्बन्धि आवेदन फारम

१. मुख्य आवेदकको नामः

२. मुख्य आवेदकको ठेगाना तथा मोवाईल नं.

३. आवेदक कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी भए नाम तथा ठेगानाः

४. दर्ता भएको (प्रमाण पत्र अनिवार्य राख्ने) निकायः

५. माग गरेको संचाई आयोजनाको ठेगानाः गा.पा./न.पा.................... वडा नं............ टोल/गाउँ...... ( नक्शामा कार्य स्थान देखाएर मात्र तलको मध्ये कुनै एक वट्टा प्रस्ताव गर्न पाउने छ)

५.१. साविकको (पुरानो) सार्वजनिक कुलो-पैनीको मर्मत सुधार गर्नु पर्ने भए नक्शामा अंकित छ/छैन खुलाउने ।
कुलो-पैनीको प्रस्तावित मर्मत सुधार कार्य (कहाँ)........................ देखि........................ सम्म
(जग्गाधनीहरुको सहमति अनिवार्य चाहिने)अनुमानित लम्वाई मिटर......... चौडाई मिटर .......... गहिराई मिटर ........

५.२. नयाँ कुलो निर्माण गर्नु पर्ने भए कुलो-पैनी निर्माण हुने जग्गाधनीहरुको सहमति अनिवार्य चाहिने
(कहाँ) ......................................... देखि ............................................. सम्म अनुमानित लम्वाई मिटर
............... चौडाई मिटर .................... गहिराई मिटर ....................................।

५.३. कच्ची/पक्की बाँध वा फाटकको कार्य भए नदी/जलाशयको स्थान/ठेगाना (जग्गा धनीको सहमति अनिवार्य राख्नु पर्ने)
उल्लेख गर्ने अनुमाणित लम्वाई मिटर........... चौडाई मिटर ................. गहिराई मिटर ..............।

६. निर्माण वा मर्मत सुधारको (अनुदान सिमा पाँच लाखमा नबढाउने गरी) माग/प्रस्ताव गरेको साना सिंचाई आयोजनाको अनुमानित लागत रु........................

७. लागत खर्चमा आवेदकले सहभागिता गर्न चाहेको भए नगद वा जनसहभागिता के कति र कसरी खुलाउने (अधिकतम जनसहभागिताको आधारमा प्राथमिकता दिने ) ..........................................................................................

८. प्रस्तावित उप आयोजनाबाट सिंचाई हुने अनुमानित क्षेत्रफलः हाल भैरहेको ............... थप सिंचाई हुने ............

९. प्रस्तावित उप आयोजना क्षेत्रको वाली प्रणाली:

१०. साना संचाई उप आयोजनाबाट लाभान्वीत हुने घर परिवार संख्या लेख्ने:

११. साना सिंचाई मर्मत वा निर्माण सुधार उप आयोजना संग जोडिएका आवेदक जग्गाधनीहरुको विवरणः पाना थप गर्न सक्नेछ ।

| क्र.सं. | जग्गाधनी/ कृषकको नाम | ठेगाना | जोडिएको सिंचाई हुने जग्गा क्षेत्रफल | सहमतीय हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१२. अन्य केही थप पुष्टियाई वा पक्की कार्य गर्नु पर्ने भए छुट्टै पानामा समाबेश गर्ने

मुख्य आवेदकको सही /छाँप